# गुरुमन्त्र एकेडेमी

## शिक्षक सेवा आयोग माध्यमिक तह को खुल्ला प्रतियोगितात्मक नमुना परिक्षा

SET 9

मिति : २०७९।०८।१६

KEY 'B' पूर्णांक : १००

## विषय : प्रथम पत्र सामान्य परिक्षा

**वस्तुगत बहुउत्तर** 50×2=100

*तलका प्रश्नहरुको सही विकल्प उत्तरपुस्तिकामा लेख्नुहोस् । वहुवैकल्पिक प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अंक कट्टा गरिने छ तर उत्तर नदिएमा अंक कट्टा गरिने छैन। परीक्षामा क्याल्कुलेटर तथा मोवाइल प्रयोग गर्न पाइने छैन।*

**१. सगरमाथा हिमालको आधारशिविर नाम्चेबजार कति मिटर उचाइमा रहेको छ ?**

(क) ५३५६ मिटर (ख) ५६५३ मिटर (ग) ५३५५ मिटर (घ) ५६३६ मिटर

**२. धेरै जिल्लासँग सिमाना जोडिएको जिल्ला कुन हो ?**

(क) सर्लाही (ख) रौतहट (ग) सिराहा (घ) सिन्धुली

**३. कान्तिपुरमा मानव बस्ती बसाल्ने राजा को हुन् ?**

(क) गुणकामदेव (ख) शिवदेव प्रथम (ग) वरदेव (घ) शिवदेव द्वितीय

**४. हिमाली क्षेत्रमा बस्ने जातिले लगाउने परम्परागत जुत्तालाई के भनिन्छ ?**

(क) कोचा (ख) खोचा (ग) दोचा (घ) पोचा

**५. तलका मध्ये औपचारिक शिक्षा स्वरुपसँग नमिल्ने कथन कुन हो ?**

(क) निश्चित सोपानक्रम कक्षा र विषयवस्तुमा आधारित हुने शिक्षा

(ख) विद्यालयमा प्रदान गरिने ज्ञान, सिप र अभिवृत्तिसँग सम्बन्धित शिक्षा

(ग) निश्चित उद्देश्य भएपनि पूर्वनिर्धारित सीमा नतोकिएको शिक्षा

(घ) पूर्वनिर्धारित व्यवस्थापन अनुसार विद्यालयीय संरचनामा दिइने शिक्षा

**६. नेपालमा रेडियोको माध्यमबाट शिक्षक तालिम दिन सुरु कहिलेदेखि गरियो?**

(क) वि.सं. २०३४ (ख) वि.सं. २०३५ (ग) वि.सं. २०३६ (घ) वि.सं. २०३७

**७. शिक्षा मनोविज्ञानको प्रारम्भ कोबाट भएको मानिन्छ ?**

(क) डेमोक्रेटस (ख) प्लेटो (ग) अरस्तु (घ) रुसो

**८. मानव वृद्धिमा अधिक प्रधाव पार्ने ग्रन्थी कुन हो ?**

(क) पियुष ग्रन्थी (ख) यौन ग्रन्थी (ग) पिट्युटरी ग्रन्थी (घ) कुनै पनि होइन।

**९. शैशवावस्थाकाको समयावधि कति हुन्छ ?**

(क) गर्भाधारणदेखि २ हप्तासम्म (ख) जन्मेको २ हप्तादेखि २ महिनासम्म

(ग) जन्मदेखि २ हप्तासम्म (घ) जन्मेको २ हप्तादेखि २ वर्षसम्म

**१०. सामान्यतयाः सिकाइ भन्नाले के बुझिन्छ ?**

(क) नयाँ ज्ञान, सिप धारण गर्ने प्रक्रिया

(ख) अभ्यासबाट व्यक्तिमा देखिने सापेक्षित स्थायी परिवर्तन

(ग) सिकारुको व्यवहारमा आउने सकारात्मक परिवर्तन

(घ) माथिका सबै

**११. मास्लोको उत्प्रेरणाको सिद्धान्तअनुसार मानिसका आवश्यकताको क्रम कस्तो हुन्छ ?**

(क) मानिसका आवश्यकता श्रृङ्खलाबद्ध रुपमा बढ्दै जान्छन्।

(ख) मानिसका आवश्यकता श्रृङ्खलाबद्ध रुपमा घट्दै जान्छन्।

(ग) मानिसका आवश्यकता स्थिर रुपमा रहन्छन्।

(घ) मानिसका आवश्यकता विश्रृङ्खल रुपमा बढ्दै जान्छन्।

**१२. शास्त्रीय सम्बन्धन सिकाइ सिद्धान्तमा मिल्दाजुल्दा उद्दीपकहरुलाई चिन्नु वा थाहा पाउनुलाई के भनिन्छ ?**

(क) उद्दीपक समान्यीकरण (ख) उद्दीपक विभेदीकरण

(ग) शून्य वा विलोपको अवस्था (घ) आकस्मिक प्राप्ति

**१३. कार्यपरक सम्बन्धन सिकाइ सिद्धान्तमा पुनर्बलको सम्बन्ध केसँग रहेको हुन्छ ?**

(क) उद्दीपक (ख) प्रतिक्रिया (ग) सम्बलन (घ) खाना

**१४. पाठ्यक्रमको कुन तत्वले अपेक्षित उपलब्धि प्राप्तिको लेखाजोखा गर्दछ ?**

(क) उद्देश्य (ख) विषयवस्तु (ग) क्रियाकलाप (घ) मूल्याङ्कन

**१५. राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार आधारभूत शिक्षा (कक्षा १–३) को जम्मा पाठ्यघण्टा कति हुन्छ ?**

(क) २६ घण्टा (ख) २८ घण्टा (ग) ३२ घण्टा (घ) ३४ घण्टा

**१६. सक्षमतामा आधारित पाठ्यक्रमको मुख्य उद्देश्य के हो ?**

(क) समय र परिस्थिति अनुसार समायोजन हुन सक्ने बनाउनु

(ख) समसामयिक सन्दर्भ अनुकूल व्यवहार प्रदर्शन गर्न सक्ने बनाउनु

(ग) अन्तर्निहित प्रतिभाको प्रस्फुटन गरी व्यक्तित्व विकासमा सहयोग गर्नु

(घ) समसामयिक ज्ञानको बोध तथा अभिव्यक्ति क्षमताको विकास गराउनु

**१७. दैनिक पाठयोजना कसले निर्माण गर्दछ ?**

(क) वि.व्य.स. (ख) प्रधानाध्यापक (ग) विषय शिक्षक (घ) विद्यालय

**१८. विद्यार्थीले गरेर सिक्ने विधिअन्तर्गत कुन पर्दछ ?**

(क) प्रवचन विधि (ख) प्रदर्शन विधि (ग) प्रश्नोत्तर विधि (घ) प्रयोगात्मक विधि

**१९. निर्माण गरिएको परीक्षणको साधन लाई कुनै समूह माथि पटक पटकप्रयोग गर्दा उक्त साधनले हरेक पटक समान प्रकृतिको सूचना सङ्कलन गर्न सक्छ भने त्यो साधनमा रहेको गुणलाई के भनिन्छ ?**

(क) विश्वसनीयता (ख) वैधता (ग) विभेदीकरण (घ) वस्तुनिष्ठता

**२०. प्रश्नपत्र निर्माणको मुख्य आधार के हो ?**

(क) पाठ्यक्रम (ख) पाठ्यपुस्तक (ग) विशिष्टीकरण तालिका (घ) शिक्षक निर्देशिका

**२१. कक्षाकोठाको विविधता व्यवस्थापन गर्न कुन कुरा गर्नु राम्रो होइन ?**

(क) बालमनोविज्ञानको सम्बोधन (ख) भाषिक तथा सामाजिक न्यायको प्रयोग

(ग) भेदभावपूर्ण शिक्षण (घ) सिकाइका त्रुटिक्षेत्र पहिचान र उपचारात्मक शिक्षण

**२२. कुनै एक शिक्षक विद्यालय अनुपस्थित हुँदा कक्षाकोठामा पढाइ नै नहुने अवस्था .................. मा रहन्छ ?**

(क) कक्षा शिक्षण (ख) बहुकक्षा शिक्षण (ग) विषय शिक्षण (घ) कुनै पनि होइन।

**२३. शिक्षकको सक्षमता प्रारुप कहिले स्वीकृत भएको हो?**

(क) वि.सं. २०७२ चैत्र ०६ (ख) वि.सं. २०७१ चैत्र १२

(ग) वि.सं. २०७२ चैत्र १२ (घ) वि.सं. २०७२ चैत्र ०३

**२४. कार्यमूलक अनुसन्धानका अपनाइने चक्रको उचित क्रम कुन हो ?**

(क) योजना, कार्यन्वयन, अवलोकन, प्रतिविम्बन

(ख) योजना, अवलोकन, कार्यन्वयन, प्रतिविम्बन

(ग) योजना, कार्यन्वयन, प्रतिविम्बन, अवलोकन

(घ) अवलोकन, योजना, कार्यन्वयन, प्रतिविम्बन

**२५. कसलाई कानुन बमोजिम निःशुल्क उच्च्व शिक्षा पाउने हक हुनेछ ?**

(क) अपाङ्ग र गरिब (ख) दलित र अपाङ्ग (ग) दृष्टिविहीन र गरिब (घ) दलित र विपन्न

**२६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिका तथा नगरपालिकाका शिक्षासम्बन्धी अधिकार कतिवटा तोकिएको छ ?**

(क) ९ वटा (ख) १९ वटा (ग) २३ वटा (घ) ३३ वटा

**२७. शिक्षा ऐन, २०२८ (संशोधनसहित) अनुसार आधारभूत शिक्षा कति वर्षको हुन्छ ?**

(क) ५ वर्ष (ख) ८ वर्ष (ग) ९ वर्ष (घ) १० वर्ष

**२८. विद्यालयको व्यवस्थापन समितिको सदस्य हुनका लागि कति वर्ष उमेर पुरा भएको हुनपर्दछ ?**

(क) २० वर्ष (ख) २२ वर्ष (ग) २५ वर्ष (घ) ३५ वर्ष

**२९. अध्यापन अनुमतिपत्र लिने प्रयोजनका लागि उम्मेदवार कति वर्ष उमेर पुरा भएको हुनपर्दछ ?**

(क) १८ वर्ष (ख) २१ वर्ष (ग) २५ वर्ष (घ) ३० वर्ष

**३०. EMIS को पूरा रुप के हो ?**

(क) Education Management Information System

(ख) Educational Manager Information System

(ग) Educational Management Information System

(घ) Education Management Information Sub System

**३१. तलका मध्ये तारापुञ्जका प्रकारमध्ये कुन पर्दैन ?**

(क) स्पाइरल (ख) अण्डाकार (ग) अनियमित (घ) गोलाकार

**३२. पृथ्वीमा कतिवटा महासागर रहेका छन् ?**

(क) ४ वटा (ख) ५ वटा (ग) ६ वटा (घ) ७ वटा

**३३. क्षेत्रफलका हिसाबले सबैभन्दा ठुलो महादेश कुन हो ?**

(क) एसिया (ख) युरोप (ग) अफ्रिका (घ) उत्तर अमेरिका

**३४. पन्ध्रौं आवधिक योजनाको दीर्घकालीन सोच कुन हो ?**

(क) सामाजिक आर्थिक रुपमान्तरणका लागि मानव संसाधनको विकास

(ख) समृद्ध नेपाल, सुखी नेपाली

(ग) गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष र प्रतिस्पर्धी नागरिक तयार

(घ) विश्व परिवेश सुहाउँदो नवप्रवर्तनशील मानव स्रोतको विकास

**३५. धान खेतीका लागि उपयुक्त माटो कुन हो ?**

(क) कालो माटो (ख) बलौटे माटो (ग) पाँगो माटो (घ) फुस्रो माटो

**३६. नेपालमा दिगो विकास सम्बन्धी अवधारणालाई कुन योजनादेखि समावेश गरियो ?**

(क) पाँचौ योजना (ख) छैठौँ योजना (ग) सातौँ योजना (घ) आठौँ योजना

**३७. नेपालमा औद्योगिक गणना कति कति वर्षमा गरिन्छ ?**

(क) प्रत्येक ३ वर्षमा (ख) प्रत्येक ५ वर्षमा (ग) प्रत्येक ७ वर्षमा (घ) प्रत्येक १० वर्षमा

**३८. युएनओको सुरक्षा परिषद्मा सर्वप्रथम भिटो पावर प्रयोग गर्ने देश कुन हो ?**

(क) बेलायत (ख) अमेरिका (ग) जर्मनी (घ) रुस

**३९. सार्क सचिवालय कहाँ रहेको छ ?**

(क) भारत (ख) भुटान (ग) नेपाल (घ) पाकिस्तान

**४०. नेपाल सरकारले नागरिक एपको सुरुवात कहिले गरेको हो ?**

(क) वि.सं. २०७७ माघ २ (ख) वि.सं. २०७७ पुस २२

(ग) वि.सं. २०७७ फाल्गुण २० (घ) वि.सं. २०७७ चैत्र १२

**४१. भ्रष्ट्राचार विरुद्धको अन्तराष्ट्रिय दिवस कहिले मनाइन्छ ?**

(क) अक्टोवर ९ (ख) नोभेम्वर ९ (ग) डिसेम्बर ९ (घ) जनवरी ९

**४२. तलका मध्ये कुन सामग्री हार्डवर होइन ?**

(क) माउस (ख) मोनिटर (ग) किबोर्ड (घ) प्रोग्राम

**४३. राष्ट्रिय शिक्षा नीति, २०७६ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको .......... मानेको छ ?**

(क) अभिन्न अंग (ख) साधन (ग) अतिरिक्त कार्य (घ) माथिका सबै

**४४. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी निर्देशिका, २०६९ बमोजिम शिक्षामा सूचना प्रविधि प्रयोग व्यवस्थापन समितिमा कति जना सदस्य रहने व्यवस्था छ ?**

(क) ९ जना (ख) ११ जना (ग) १५ जना (घ) १७ जना

**४५. नेपालमा साइबर सुरक्षा नीति प्रथम पटक कहिले सुरुवात भयो ?**

(क) वि.सं २०७२ (ख) वि.सं २०७३ (ग) वि.सं २०७५ (घ) वि.सं २०७७

**४६. तलका मध्ये समूहमा कुन मिल्दैन ?**

(क) तरुल (ख) काउली (ग) गोलभँडा (घ) सिमी


**४७. हप्ता : बुधबार, महिना : ?**

(क) जेठ (ख) असार (ग) साउन (घ) भदौ

**४८. १०, १४, २२, ३८ ?**

(क) ४८ (ख) ५२ (ग) ६२ (घ) ७०

**४९. खाली ठाउँ भर्नुहोस्।**





(क) ९ (ख) ११ (ग) १३ (घ) १५

गुरुमन्त्र एकेडेमी (लोक सेवा/शिक्षक सेवा तयारी), नयाँ बानेश्वर, काठमाडौं, फोन नं. 9749344744, 9861534895

**५०. तलको चित्रमा कतिवटा त्रिभुज रहेका छन् ?**

**Options:**
1) 9
2) 12
3) 10
4) 11
5) 13



**सफलताको शुभकामना**

## उत्तरकुञ्जिका

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. क | २. घ | ३. क | ४. ग | ५. ग | ६. घ | ७. घ | ८. क | ९. घ | १०. घ |
| ११. क | १२. क | १३. ख | १४. घ | १५. क | १६. क | १७. ग | १८. घ | १९. क | २०. ग |
| २१. ग | २२. क | २३. घ | २४. क | २५. क | २६. ग | २७. ग | २८. ग | २९. क | ३०. ग |
| ३१. घ | ३२. ख | ३३. क | ३४. क | ३५. ग | ३६. घ | ३७. ख | ३८. क | ३९. ग | ४०. क |
| ४१. ग | ४२. घ | ४३. क | ४४. ग | ४५. ख | ४६.क | ४७. ग | ४८. घ | ४९. क | ५०. ५ |

